नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

टेकु, काठमाडौं ।

फोन नं. ४५५२४२१
फ्याक्स नं. ४५५२३७५

पत्र संख्या २०७७/७८
चलानी नं.

## विज्ञप्ती

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९ को नमुनाहरुको पीसीआर परीक्षण नगरी रिपोर्ट दिएको भनी भ्रामक प्रचार गरिएकोमा यस प्रयोगशालाको गम्भीर ध्यानाकर्षण भएको छ ।यस प्रयोगशालामा देश भरिबाट नमुना आउने गरेको र सो नमुना परीक्षणको नतिजा हरेक व्यक्तिले प्रयोगशालामा प्रतक्ष्यरुपमा उपस्थित भइ लिन सक्ने अवस्था नभएकोले वेवसाइट वा अन्य कुनै तरिकाले अरुले नतिजा हेर्न मिल्ने गरी प्रसार गर्दा स्वाब दिने व्यक्तिको गोपनियताको हक हनन हुन सक्ने हुदाँ तथा रिपोर्ट जारी गर्न सम्बन्धित व्यक्तिलाई काउन्सिलिङ समेत आवश्यकता पर्न सक्ने भएकोले शुरुवाती दिनदेखी नै नमुना पठाउने चिकित्सक अथवा फोकल पर्सनको मोबाइलमा एसएमएस मार्फत प्रत्येक नमुनाको यूजरनेम र पासवर्ड (User name & Password) समेत पठाउने गरिएको थियो जसलाई प्रयोग गरी यस प्रयोगशालाको वेवसाइट nphl.gov.np मा गएर सक्कलै रिपोर्टको प्रतिलिपी हेर्न र प्रिन्ट गर्न सकिने अवस्था थियो । यसरी एउटै व्यक्तिलाई सबै रिपोर्ट पठाउँदा विभिन्न कारणवश कतिपय अवस्थामा सम्बन्धित व्यक्तिलाई रिपोर्ट पुग्दै नपुग्ने अवस्था सिर्जना भएकोले स्वाब दिने व्यक्तिलाई समेत मोबाइलमा एसएमएस मार्फत यूजरनेम र पासवर्ड पठाउन थालियो । पछि तुरुन्त वेवसाइटबाट रिपोर्ट हेर्ने अवस्था सधै नहुने भन्दै यूजरनेम र पासवर्ड मात्र होइन पोजेटिभ वा नेगेटिभ पनि एसएमएस मार्फत चाहिने माग आउन थालेपछि मिति २०७७/०३/३१ देखी परीक्षण पोजेटिभ वा नेगेटिभ समेत एसएमएस मार्फत पठाउनुका साथै यूजरनेम र पासवर्ड प्रयोग गरी वेवसाइट बाट आधिकारिक रिपोर्ट हेर्न मिल्ने व्यवस्था गरिएको छ । यसै क्रममा बल्कमा एसएमएस पठाउँदा मिति २०७७/०५/१६ गते परीक्षणकै क्रममा रहेका केही नमुनाहरुको समेत एसएमएस नेगेटिभ भनी गएको, प्रयोगशालाले केही घण्टामा थाहा पाए जति नमुनाहरुको सम्बन्धित व्यक्ति र फोकल पर्सनको मोबाइलमा फोन सम्पर्क गरी त्रुटी भएको र अर्को एसएमएस आउने जानकारी गराइएको हो । सेवाग्राहीलाई थप सहुलियत दिन प्रयोग गरिने प्रविधिबाट भएको यस्तो त्रुटी प्रयोगशालाले लुकाउने प्रयास नगरी इमान्दारीपुर्वक परीक्षण गरी पहिलेको एसएमएस भन्दा फरक रिपोर्ट भए पनि सो को जानकारी दिन सम्बन्धित व्यक्तिलाई पुनः एसएमएस पठाइएको छ । साथै एसएमएस सेवा एउटा सहुलियतको रुपमा नमुनाको परीक्षण सम्पन्न भएको जानकारीको रुपमा मात्र लिनुभइ परीक्षणको आधिकारिक रिपोर्ट प्रयोगशालाबाट वा प्रयोगशालाको वेवसाईटबाट मात्र प्राप्त गर्नुहुन समेत अनुरोध छ । यस प्रयोगशालाले आजको मितिसम्म १लाख ४७ हजार पीसीआर परीक्षण गरिसकेको सन्दर्भमा यस प्रयोगशाला प्रति सेवाग्राहीमा भएको विश्वासको लागि धन्यवाद दिदैं आगामी दिनहरुमा पनि उच्च मनोबलको साथ सेवा गरिरहने प्रतिवद्धता जनाउँछौ । पीसीआर परीक्षणले ७०-८०% पोजेटिभ केस पत्ता लगाउने र २०-३०% को नेगेटिभ नै नतिजा दिन सक्ने संभावना रहेको हुनाले नतिजा नेगेटिभ आएपनि भौतिक दुरी कायम गर्नु, मास्कको प्रयोग गर्नुहुन र साबुन पानी वा सेनिटाइजरले हात धोइरहनु हुन अनुरोध छ ।

मिति २०७७/०५/१८

डा. रुणा झा
निर्देशक